कर्णाली प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
# कृषि विकास कार्यालय, जाजरकोट

प.सं.: २०८१/०८२
च.नं.: ८१

मिति:२०८१/०७/०८

**विषय : सूचना टाँस गरि जानकारी पठाईदिने सम्बन्धमा ।**

श्री जिल्ला प्रशासन कार्यालय, जाजरकोट।
श्री जिल्ला समन्वय समितिको कार्यालय, जाजरकोट।
श्री पशु अस्पताल तथा पशु सेवा कार्यालय, जाजरकोट।
श्री PMAMP, जाजरकोट।
श्री ASDP, जाजरकोट।
श्री उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालय, जाजरकोट।
श्री भेरी नगरपालिका, जाजरकोट।
श्री नलगाड नगरपालिका, जाजरकोट।
श्री छेडागाड नगरपालिका, जाजरकोट।
श्री शिवालय गाँउपालिका, जाजरकोट।
श्री जुनिचाँदे गाँउपालिका, जाजरकोट।
श्री कुशे गाँउपालिका, जाजरकोट।
श्री बारेकोट गाँउपालिका, जाजरकोट।

प्रस्तुत विषयमा यस कार्यालयको मिति २०८१।०७।०८ गतेका दिन प्रकाशित तपसिल अनुसारका सूचनाहरु यसै पत्र साथ संलग्न राखि पठाईएको ब्यहोरा अनुरोध छ। साथै ताहाँ कार्यालयको सूचना पाटिमा टाँस गरि जानकारी पठाई सहयोग गरिदिनुहुन समेत अनुरोध छ।

तपसिल:

१. बाली विशेष उत्पादन क्षेत्र कार्यक्रममा सूचिकृत हुने सम्बन्धी सूचना (सूचना नं ०९)
२. कार्यक्रम सँचालनका लागी प्रस्ताव आव्हान सम्बन्धि सूचना (सूचना नं १०)
३. साना सिँचाई निर्माण तथा मर्मत सम्भार कार्यक्रमका लागि प्रस्ताव आव्हान सम्बन्धी सूचना (सूचना नं ११)

बोधार्थ:

श्री भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, कर्णाली प्रदेश सुर्खेत: जानकारीका लागी अनुरोध छ।
श्री कृषि विकास निर्देशनालय, वीरेन्द्रनगर सुर्खेत: जानकारीका लागी अनुरोध छ।
श्री माननिय मन्त्री ज्यूको निजि सचिवालय, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, कर्णाली प्रदेश सुर्खेत: जानकारीका लागी अनुरोध छ।

दशरथ पाण्डे
प्रि. कार्यालय प्रमुख

"व्यावसायिक र सिर्जनशील प्रशासन : विकास, समृद्धि र सुशासन"
फोन ०८९-४३०१२५
website: www.adojajarkot.gov.np ईमेल : akcjajarkot@gmail.com

CamScanner

कर्णाली प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि बिकास निर्देशनालय
# कृषि विकासकार्यालय,जाजरकोट

प.सं.: २०८१/०८२ | मिति: २०८१/०७/०८

**विषय : वाली विशेष उत्पादन क्षेत्र कार्यक्रममा सुचिकृत हुने सम्बन्धी सूचना।**

**सूचना नं : ०९**

**प्रथम पटक सूचना प्रकाशन मिति:२०८१/०७/०८**

यस कार्यालयको आ.व. २०८१/०८२ को स्वीकृत कार्यक्रम अनुसार बार्षिक रुपमा संचालन हुने बाली बिशेष उत्पादन क्षेत्र कार्यक्रमअन्तर्गत तपसिलका कार्यक्रम/क्रियाकलापहरुमा लक्षीत क्षेत्र तोकिएका कृषक समूह/सहकारी तथा निजि फर्म/कम्पनीहरुबाट कार्यक्रम सहित सूचिकृत हुन यो सूचना प्रकाशित गरिएको छ। सूचना प्रकाशन भएको मितिले ३० (तीस) दिन भित्र (मिति २०८१।०८।०७ गते सम्म) सो दिन सार्वजनिक बिदा पर्न गएमा अर्को दिन कार्यालय समयमा तपसिलमा उल्लेखित कागजातहरु सहित कार्यालयले तयार गरेको सूचिकृत ढाँचामा निवेदन सहितको विवरण यस कार्यालयमा पेश गर्न सूचित गरिन्छ। म्याद नाघेको वा रित नपुगी प्राप्त हुन आएका निबेदन उपर कुनै कारवाही हुने छैन। यस सम्बन्धी थप जानकारीका लागी कार्यालयको **website : adojajarkot.gov.np**मा हेर्न सकिने र कार्यालयको फोन नं ०८९-४३०१२५ मा सम्पर्क गर्न सकिने व्यहोरा अनुरोध छ।

तपसिल:

| क.स. | कार्यक्रम/क्रियाकलाप | पालिका | बिनियोजित बजेट रु हजारमा | माग गर्न सकिने कार्यक्रम तथा क्रियाकलाप |
|---|---|---|---|---|
| १. | बिशेष कृषि उत्पादन क्षेत्र कार्यक्रम (बीउ) | भेरी न पा १,२ र ३ | ३०० | • श्रोत बीउ खरिदमा सहयोग<br>• प्रसोधन सामग्री सहयोग<br>• भण्डारण सामग्री सहयोग<br>• उत्पादन सामग्री सहयोग<br>• स्थलगत तालिम |
| २. | बिशेष कृषि उत्पादन क्षेत्र (तरकारी) | भेरी न.पा. ५, ६ | १०५० | • फलामेटनेल निर्माण<br>• कृषि यान्त्रिकीकरण<br>• स्थलगत तालिम<br>• बाली उपचार/माटो परिक्षण शिविर<br>• साना सिचाई सुधार<br>• बीउ बितरण |
| ३. | बिशेष कृषि उत्पादन क्षेत्र कार्यक्रम (सुन्तलाजात) | कुशे ५,६,८, जुनीचांदे ११ र ५ | ९१२ | • उत्पादनसामग्री वितरण<br>• खाद्यत्व प्रदर्शन<br>• साना सिचाई सुधार<br>• क्षेत्र बिस्तार (बिरुवा वितरण)<br>• बगैंचा स्थापना/बिस्तार/सुधार<br>• स्थलगत तालिम |
| ४. | बिशेष कृषि उत्पादन क्षेत्र (ओखर) | कुशे ३,८, बारेकोट ५, छेडागाड ४,७,८,९, र शिवालय ४ | १६०० | • स्थलगत तालिम,<br>• क्षेत्र बिस्तार (बिरुवा वितरण)<br>• औजार तथा उत्पादन सामग्री वितरण<br>• बगैंचा बिस्तार/स्थापना/सुधार<br>• स्थलगत तालिम |

दशरथ धामी
कि. कार्यालय प्रमुख



CamScanner

आवश्यक कागजातहरु:

१. समूह/सहकारी/कृषि फर्म/कम्पनी दर्ताको प्रमाण पत्रको प्रतिलिपि।
२. कार्यालयबाट उपलब्ध सुचिकृत सम्बन्धी निवेदन फाराम।
३. गत आर्थिक बर्षको संस्थाको लेखा परिक्षण भएको प्रतिवेदन प्रतिलिपि(सहकारीको हकमा अनिबार्य)।
४. गत आर्थिक बर्ष सम्म कर बुझाएको वा कर छुट भएको भए सम्बन्धित कार्यालयको प्रमाण।
५. उत्पादन हुने वा कार्यक्रम संचालन हुने जग्गाको क्षेत्रफल र स्वामित्व वा हकभोग खुल्ने प्रमाण पत्रको प्रतिलिपि।
६. अनुदान नलिएको स्वघोषणा पत्र, प्रतिबद्धता पत्र।
७. सम्बन्धित पालिकाको कृषि विकाश शाखाको सिफारिस पत्र।
८. नागरिकताको प्रतिलिपि।

*नोटः सुचनामा तोकिएका क्षेत्र भित्रका सम्बन्धित बालीको खेति गरिरहेका वा गर्ने कृषकहरु हुनु पर्ने छ।*
*यस कार्यालयबाट अन्य कार्यक्रम मार्फत अनुदान लिएका कृषकलाई यस कार्यक्रममा समाबेश गराईने छैन।*
*गत आ.ब.मा कार्यालयबाट अनुदान नलिएका कृषकहरुलाई समाबेश गर्दा प्राथमिकता दिईने छ।*

दशरथ पाण्डे
.......................
का. कार्यालय प्रमुख

कर्णाली प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय

# कृषि विकासकार्यालय,जाजरकोट

प.सं.: २०८१/०८२ मिति: २०८१/०७/०८

**विषय : कार्यक्रम संचालनका लागी प्रस्ताव आह्वान सम्बन्धी सूचना ।**

**सूचना नं : १०**

**प्रथम पटक सूचना प्रकाशन मिति:२०८१/०७/०८**

यस कार्यालयको आ.व. २०८१/०८२ को स्वीकृत कार्यक्रम अनुसार बार्षिक रुपमा संचालन हुने अनुदान तर्फका तपसिलका कार्यक्रम/क्रियाकलापहरुमा लक्षित क्षेत्रका कृषक, कृषक समूह, कृषि सहकारी तथा निजि फर्महरुबाट दरखास्त आह्वानका लागि यो सूचना प्रकाशित गरिएको छ। सूचना प्रकाशन भएको मितिले ३० (तीस) दिन भित्र (मिति २०८१।०८।०७ गते सम्म) सो दिन सार्वजनिक बिदा पर्न गएमा अर्को दिन कार्यालय समयमा तपसिलमा उल्लेखित कागजातहरु संलग्न राखि सुचिकृत हुनुका साथै आवेदन पेश गर्नहुन अनुरोध छ। म्याद नाघेको वा रित नपुगी प्राप्त हुन आएका निवेदन उपर कुनै कारवाही हुने छैन। यस सम्बन्धी थप जानकारीका लागी कार्यालयको **website : adojajarkot.gov.np**मा हेर्न सकिने र कार्यालयको फोन नं ०८९-४३०१२५ मा सम्पर्क गर्न सकिने ब्यहोरा अनुरोध छ ।

**तपसिल:**

| सि नं | आयोजना/कार्यक्रमकोनाम | जम्मा रु | माग गर्न सकिने कार्यक्रम तथा क्रियाकलाप |
|---|---|---|---|
| १. | भुकम्प प्रभावित कृषकहरुका लागि आय आर्जन कार्यक्रम | १५ लाख | ➢ प्रमुख बालीहरुको व्यवसायीक खेतीका लागि क्षेत्र विस्तार<br>➢ उन्नत कृषि प्रविधीको प्रयोग<br>➢ उन्नत वीउ वितरण<br>➢ प्रविधि सम्बन्धि तालिम |
| २. | उन्नत बीउ उत्पादनमा प्रोत्साहन अनुदान कार्यक्रम | ४ लाख | ➢ खाद्यान्न बाली बीउ उत्पादन दश रोपनी जग्गामा गरेको हुनुपर्ने<br>➢ दश रोपनी भन्दा बढी भएमा प्रति रोपनी एक हजार पाँच सय रुपैयाका दरले बढीमा पचास हजार रुपैया सम्म । |
| ३. | बर्षे फलफूल बगैचा स्थापना | १० लाख | ➢ फलफूल बगैचा क्षेत्र विस्तार<br>➢ बगैचा सुदृढीकरण<br>➢ साना सिचाई निर्माण<br>➢ व्याक्तीको हकमा न्यूनतम पाँच रोपनी र समुदायको हकमा न्यूनतम दश रोपनीको बगैचा स्थापना वा सुदृढीकरण गर्नु पर्ने |

**आवश्यक कागजातहरु :**

१. कार्यक्रममा सुचिकृत हुने तथा कार्यक्रम माग सम्बन्धि निवेदन।
२. कृषक, कृषि फार्म, कम्पनी, कृषक समूह, सहकारी दर्ताको प्रमाण पत्रको प्रतिलिपि १ थान।
३. गत आर्थिक बर्षको संस्थाको लेखा परिक्षण भएको प्रतिवेदन प्रतिलिपि।
४. समुह/सहकारीको हकमा कार्यक्रम माग सम्बन्धी निर्णयको प्रतिलिपि
५. गत आर्थिक बर्ष सम्म कर बुझाएको वा कर छुट भएको भए सम्बन्धित कार्यालयको प्रमाण।
६. जग्गाको क्षेत्रफल र स्वामित्व वा हकभोग खुल्ने प्रमाण पत्रको प्रतिलिपि।
७. अनुदान नलिएको स्वघोषणा पत्र, प्रतिबद्धता पत्र।
८. सम्बन्धित वडा कार्यालय/कृषि विकाश शाखाको सिफारिस पत्र।
९. आवेदन पेश गर्दा अनुदान ग्राहीले एक लाख रुपैयाँ देखि पाँच लाख रुपैयाँ सम्म अनुदान माग गरेका कार्यक्रमका लागि एक सय रुपैयाँ र सो भन्दा बढी अनुदान माग भएको कार्यक्रमका लागि पाँच सय रुपैयाँ निवेदन दस्तुर कार्यालयको राजश्व खातामाबुझाएकोबैंकभौचरवा नगद रसिद पेशगर्नुपर्नेछ।

दशरथ पाण्डे
नि. कार्यालय प्रमुख



CamScanner

कर्णाली प्रदेश सरकार

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

कृषि विकास निर्देशनालय

# कृषि विकासकार्यालय,जाजरकोट

नोट :

- गत आ.व.हरुमा अनुदान प्राप्त नगरेका कृषकहरुलाई यस आ.व.का कार्यक्रमहरुमा समावेश गर्न प्राथमिकता दिईनेछ।
- छनौट सम्बन्धी प्रक्रिया कृषि तथा सहकारी सम्बन्धी कार्यक्रम (संचालन तथा व्यवस्थापन), कार्यविधि २०८१ अनुसार हुनेछ।
- निवेदन फारामका कम्प्युटर सेन्टर (कार्यालय गेट नजिक) तथा यस कार्यालयको website adojajarkot.gov.np मा गई download प्रकाशबाट सम्बन्धित अनुसूचि Download गर्न सकिनेछ।

कर्णाली प्रदेश सरकार

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

कृषि विकास निर्देशनालय

# कृषि विकास कार्यालय, जाजरकोट

प.सं.: २०८१/०८२

मिति : २०८१/०७/०८

**विषय : साना सिचाई निर्माण तथा मर्मत सुधारकालागी प्रस्ताव आह्वान सम्बन्धी सूचना ।**

**सूचना नं : ११**

**प्रथम पटक सूचना प्रकाशन मिति:२०८१/०७/०८**

यस कार्यालयको आ.व. २०८१/०८२ को स्वीकृत कार्यक्रम अनुसार वार्षिक रुपमा संचालन हुने अनुदान तर्फका तपसिलका कार्यक्रम/क्रियाकलापहरुमा लक्षित क्षेत्रका कृषक, कृषक समूह, कृषि सहकारी तथा निजि फर्महरुबाट दरखास्त आह्वानका लागि यो सूचना प्रकाशित गरिएको छ। सूचना प्रकाशन भएको मितिले ३० (तीस) दिन भित्र (मिति २०८१।०८।०७ गते सम्म) सो दिन सार्वजनिक बिदा पर्न गएमा अर्को दिन कार्यालय समयमा तपसिलमा उल्लेखित कागजातहरु संलग्न राखि सुचिकृत हुनुका साथै प्रस्ताव आवेदन पेश गर्नहुन अनुरोध छ। म्याद नाघेको वा रित नपुगी प्राप्त हुन आएका निवेदन उपर कुनै कारवाही हुने छैन। यस सम्बन्धी थप जानकारीका लागी कार्यालयको website : adojajarkot.gov.npमा हेर्न सकिने र कार्यालयको फोन नं ०८९-४३०१२५ मा सम्पर्क गर्न सकिने व्यहोरा अनुरोध छ ।

**तपसिल:**

| सि नं | आयोजना/कार्यक्रमकोनाम | जम्मा रु | माग गर्न सकिने कार्यक्रम तथा क्रियाकलाप |
|---|---|---|---|
| १. | साना सिचाई निर्माण तथा मर्मत सुधार, प्रदेश सभा निर्वाचन क्षेत्र १(१) | २५ लाख | ➢ सतह तथा भूमिगत सिंचाई, नयाँ प्रविधि (पोखरी, स्प्रिङक्लर, प्लाष्टिक पोखरी, थोपा सिंचाई, लिफ्ट प्रणाली, सोलार सिंचाई, फेरोसिमेण्ट टेङ्क, स्वाईल सिमेन्ट पोखरी, पम्प, बोरिङ्ग आदी) तथा सिंचाई आयोजनाको निर्माण तथा मर्मत सम्भार कार्यक्रम सन्चालन गर्नु पर्नेछ । |
| २. | साना सिचाई निर्माण तथा मर्मत सुधार, प्रदेश सभा निर्वाचन क्षेत्र १(२) | २५ लाख | ➢ सतह तथा भूमिगत सिंचाई, नयाँ प्रविधि (पोखरी, स्प्रिङक्लर, प्लाष्टिक पोखरी, थोपा सिंचाई, लिफ्ट प्रणाली, सोलार सिंचाई, फेरोसिमेण्ट टेङ्क, स्वाईल सिमेन्ट पोखरी, पम्प, बोरिङ्ग आदी) तथा सिंचाई आयोजनाको निर्माण तथा मर्मत सम्भार कार्यक्रम सन्चालन गर्नु पर्नेछ । |

**आवश्यक कागजातहरु :**

१. सम्बन्धित समूह, सहकारी वा उपभोक्ता समिति वा कृषि सम्बन्धि अध्यापन गर्ने शिक्षालय वा कृषि फर्मको योजना माग सम्बन्धी निर्णय।
२. आयोजनाको औचित्य र अनुदानग्राही वा सिंचाइ सुविधा पुग्ने क्षेत्रफल तथा सम्भाव्य बाली वस्तुको विवरण सहितको पुर्ण विबरण सहितको निवेदन।
३. मुहाँन दर्ताको प्रमाण पत्रको प्रतिलिपि वा पानीको मुहाँन र कुलो पास हुने जग्गामा कुनै विवाद नभएको सम्बन्धमा वडा वा स्थानीय तहको सिफारिस अनिवार्य
४. उपभोक्ता समितिका पदाधिकारीहरुको नागरिकताको प्रतिलिपि।
५. सम्बन्धित स्थानिय तह/वडा कार्यालयको सिफारिस पत्र
६. पूर्ण रुपमा भरिएको प्रस्ताव फारम तथा अन्य आवश्यक कागजात।
७. आवेदन पेश गर्दा अनुदान ग्राहीले एक लाख रुपैयाँ देखि पाँच लाख रुपैयाँ सम्म अनुदान माग गरेका कार्यक्रमका लागि एक सय रुपैयाँ र सो भन्दा बढी अनुदान माग भएको कार्यक्रमका लागि पाँच सय रुपैयाँ निवेदन दस्तुर कार्यालयको राजश्व खातामा बुझाएको बैंक भौचर वा नगद रसिद पेश गर्नु पर्नेछ।

दशरथ पाण्डे
प्र. कार्यालय प्रमुख



CamScanner